Tuesday June 16th, 2026

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदी फ्रान्सको इभियनमा जारी G-7 शिखर सम्मेलनमा सरिक हुनुहुँदै
- भारत विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको रूपमा देखा परिरहेको लोकसभा अध्यक्ष ओम बिरलाको दावी
- NEET-UG पुन: परीक्षा अघि, सरकारद्वारा जून २२ सम्म सामाजिक सञ्जाल एप टेलिग्राममाथि प्रतिबन्ध
- अनि महिला FIH हक्की प्रतियोगितामा जापानलाई पराजित गर्दै भारत सेमिफाइनलमा प्रवेश

1. PM G-7 Visit

प्रधानमन्त्री नरेन्द्र मोदी G-7 शिखर सम्मेलनमा भाग लिन दुई दिने भ्रमणमा फ्रान्सको एभियः पुग्नुभएको छ। शिखर सम्मेलन हिजोदेखि सुरु भएको थियो। इभियन आइपुगेपछि प्रधानमन्त्रीले सामाजिक सञ्जालमा पोस्ट गर्दै विश्व नेताहरूसँग अन्तर्क्रिया गर्न र प्रमुख विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान गर्न आफू उत्सुक रहेको बताउनुभयो। उल्लेख्य, प्रधानमन्त्री मोदीले G-7 शिखर सम्मेलनमा लगातार सातौं पल्ट भाग लिँदै हुनुहुन्छ। साथै यस मञ्चमा भारतको यो १३ औं सहभागिता हो। शिखर सम्मेलनको क्रममा, प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानडाका प्रधानमन्त्री मार्क कार्नी, बेलायती प्रधानमन्त्री केयर स्टारमर र युएईका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानसँग द्विपक्षीय बैठक गर्नु हुनेछ। प्रधानमन्त्री मोदीले भोलि शिखर सम्मेलनको क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट गर्ने कार्यक्रम छ। यसैबीच G-7 शिखर सम्मेलनमा, अमेरिकी सहयोगीहरूले आज राष्ट्रपति डोनाल्ड ट्रम्पको एजेन्डामा चार वर्षभन्दा बढी समयदेखि चलिरहेको युक्रेन युद्धमाथि विचार गर्न काम गरे। युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की पनि बिहानको कार्य बैठकमा जी-७ नेताहरूसँग सामेल हुनुभएको थियो।

2. Om Birla – Youth Parliament

लोकसभा अध्यक्ष ओम बिरलाले विविध संस्कृति र भौगोलिक अवस्थाको बावजुद, विश्वको सबैभन्दा ठूलो जनसंख्या भएको भारत, स्वतन्त्रता पछि विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको रूपमा देखा परेको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित "विकसित भारत युवा संसद" मा सहभागीहरूलाई सम्बोधन गर्दै, उहाँले हाल पचास लाखभन्दा बढी युवाहरू युवा संसदसँग संलग्न रहेको उल्लेख गर्नुभयो।

Byte…… Om Birla

3. NTA NEET

राष्ट्रिय परीक्षण एजेन्सी (एनटीए) ले जनाएअनुसार पछिल्लो २४ घण्टामा १० लाख भन्दा बढी उम्मेदवारहरूले आगामी NEET UG पुनर्परीक्षाको लागि प्रवेशपत्र डाउनलोड गरेका छन्। पुनर्परीक्षा जून २१ मा हुनेछ। यसैबीच, पारदर्शिता बढाउन र पेपर चुहावटको सम्भावनालाई रोक्न सरकारले जून २२ सम्म टेलिग्राम एपमा अनलाइन सन्देश पठाउन प्रतिबन्ध लगाएको छ।

4. Cough Syrup

सरकारले औषधि नियमावली, १९४५ मा संशोधनहरू अधिसूचित गरेको छ। खोकीको सिरप अब ग्रामीण क्षेत्रमा विधिवत इजाजतपत्र प्राप्त फार्मेसीहरू मार्फत मात्र बिक्री र वितरण गरिनेछ। प्रस्तुत छ, हाम्रा संवाददाताको रिपोर्ट

Byte… Anand

5. Shivraj – Khariff

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले नयाँ दिल्लीमा आयोजित उच्चस्तरीय कृषि समीक्षा बैठकमा खरिफ २०२६ सिजनको लागि देशभर गरिएको तयारीको विस्तृत समीक्षा गर्नुभयो। उहाँले सम्भावित एल निनो घटनालाई ध्यानमा राख्दै कपास उत्पादन बढाउन, दालमा आत्मनिर्भरता हासिल गर्न र कम वर्षा भएका जिल्लाहरूको लागि अग्रिम आकस्मिक योजनाहरूमा विशेष जोड दिएको कृषि मन्त्रालयले बताएको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

6. Gorkhas Issues

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले दार्जिलिङ पहाडमा रहेका गोर्खा समुदायका लामो समयदेखि थाँती रहेका समस्याहरू भारतको संवैधानिक ढाँचा भित्र समाधान गरिने बताउनुभएको छ। दार्जिलिङ जिल्लाको खर्साङमा एक सार्वजनिक सभालाई सम्बोधन गर्दै उहाँले गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनमा भएको कथित भ्रष्टाचारको छानबिन गरिने र दोषीहरूमाथि कारबाही गरिने बताउनुभयो। मुख्यमन्त्रीको रूपमा पदभार ग्रहण गरेपछि दार्जिलिङ पहाडको आफ्नो पहिलो भ्रमणमा, श्री शुभेन्दु अधिकारीले आफ्नो सरकार पहाडी क्षेत्रको विकासको लागि प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले जून २२ देखि सुरु हुने आगामी राज्य बजेट सत्रमा पहाडहरूको लागि अल्पकालीन र दीर्घकालीन विकास योजनाहरू समावेश गरिने घोषणा गर्नुभयो।

7. Oman – Accident

ओमानको तटमा भएको दुखद समुद्री घटनापछि २१ भारतीय चालक दलका सदस्यहरू सुरक्षित रूपमा घर फर्किएका छन्। ओमानको मस्कटस्थित भारतीय दूतावासले यस्तो जानकारी दिएको हो।

8. Fact Check - UPSC Exam

सरकारले UPSC निजामती सेवा प्रारम्भिक परीक्षाको प्रश्नपत्र लीक भएको दाबी गर्ने सामाजिक सञ्जाल पोस्टको खण्डन गरेको छ। पत्र सूचना कार्यालयको तथ्य जाँच इकाईले यस्तो दाबी निराधार भएको बताएको छ। कार्यालयले मानिसहरूलाई यस्ता भ्रामक र अप्रमाणित दाबीहरू साझा गर्नबाट टाढा रहन सल्लाह दिएको छ।

9. BJP – PM

भाजपाले प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्लोभाकियाको सर्वोच्च राज्य सम्मान "द अर्डर अफ द ह्वाइट डबल क्रस, फर्स्ट क्लास" बाट सम्मानित गर्नु राष्ट्रको लागि ठूलो गर्वको कुरा भएको बताएको छ। नयाँ दिल्लीमा मिडियासँग कुरा गर्दै भाजपा प्रवक्ता साम्बी पात्राले श्री मोदीले विभिन्न देशहरूबाट ३३ वटा सर्वोच्च नागरिक पुरस्कार प्राप्त गर्नुभएको  र भारतको विश्वव्यापी प्रतिष्ठा बढाएको बताउनुभयो।

10. Kerala – Census - 2027

केरलाका राज्यपाल राजेन्द्र विश्वनाथ अर्लेकरले आज लोकभवनमा डिजिटल प्लेटफर्म मार्फत स्व-गणना प्रक्रिया पूरा गरेर जनगणना २०२७ को पहिलो चरणको सुरुवात गर्नुभयो। जनगणना २०२७ भारतको पहिलो पूर्ण डिजिटल जनगणना हो र यो विश्वको सबैभन्दा ठूलो प्रशासनिक र तथ्याङ्कीय अभ्यास हो जुन पूर्ण रूपमा एप-आधारित, कागजविहीन प्रणाली मार्फत सञ्चालन गरिनेछ।

11. Sports News

अब खेल समाचारः मेघालयले आज शिलङमा आफ्नो पहिलो खेलकुद शिखर सम्मेलन आयोजना गऱ्यो। यो २०२७ मा हुने ३९ औं राष्ट्रिय खेलकुदको तयारीमा एउटा महत्वपूर्ण कोशेढुङ्गा हो।

न्यूजील्याण्डमा आयोजित महिला हक्कीमा भारत FIH हक्की राष्ट्र कपको सेमिफाइनलमा पुगेको छ। दोस्रो पूल ए खेलमा, भारतले जापानलाई पराजित गरेको छ। यो जितसँगै, भारत छ अंकसहित पूल ए को शीर्ष स्थानमा पुगेको छ। भारतको अर्को खेल बिहीबार उरुग्वे विरुद्ध हुनेछ। फिफा विश्वकप २०२६ मा, आज राति संयुक्त राज्य अमेरिकाको न्यु जर्सीमा समूह १ को खेलमा फ्रान्सले सेनेगलसँग खेल्नेछ। खेल भारतीय समय अनुसार बिहान साढे बाह्र बजे सुरु हुने तालिका छ। अर्को खेलमा, बोस्टन स्टेडियममा समूह १ को खेलमा नर्वेले इराकसँग खेल्नेछ। खेल भारतीय समय अनुसार बिहान साढे तीन बजे सुरु हुनेछ।

प्रमुख समाचार पुनः एक पटक

- प्रधानमन्त्री नरेन्द्र मोदी फ्रान्सको इभियनमा जारी  G-7 शिखर सम्मेलनमा सरिक हुनुहुँदै
- भारत विश्वको सबैभन्दा ठूलो लोकतन्त्रको रूपमा देखा परिरहेको लोकसभा अध्यक्ष ओम बिरलाको दावी

- NEET-UG पुन: परीक्षा अघि, सरकारद्वारा जून २२ सम्म सामाजिक सञ्जाल एप टेलिग्राममाथि प्रतिबन्ध
- अनि  महिला FIH हक्की प्रतियोगितामा जापानलाई पराजित गर्दै भारत सेमिफाइनलमा प्रवेश